नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८१/०४/०७ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीज्यूसँग नेपालस्थित महामहिम राजदुत H.E.Mr. Hanan Goder Goldberger ले शिष्टाचार भेट गर्नु भएको छ ।भेटका अवसरमा दुईपक्षीय श्रम सम्बन्धमा विविध पक्षका साथै जी टु जी प्रकृया अन्तर्गत केयरगिभरका रुपमा नेपाली श्रमिकहरु इजरायल पठाउने सिलसिलामा भईरहेको छनोट प्रकृयाका बारेमा समेत छलफल भएको छ ।

भेटका अवसरमा हाल छनौटको चरणमा रहेका ५०० जना मुख्य उम्मेदवार र ३०० वैकल्पिक उम्मेदवार गरी जम्मा ८०० जना नेपाली श्रमिकहरु इजरायल लैजाने भनिएकोमा सो सँख्या बढाएर १००० मुख्य उम्मेदवार र १००० वैकल्पिक उम्मेदवार गरी कुल २००० जनासम्म नेपालीहरु लैजान सकिने गरी सहमति भएको छ । साथै आगामी दिनमा कृषि लगायत अन्य क्षेत्रमा समेत नेपाली श्रमिकहरु इजरायल लैजान सकिने बारेमा समेत छलफल भएको छ।सो भेटका अवसरमा माननीय मन्त्रीज्यूबाट नेपाल इजरायलबीचको श्रम सम्बन्धका बारेमा सन्तोष व्यक्त गर्दै इजरायल-प्यालेष्टाइन द्वन्द्वमा हराइरहेका नेपाली श्री विपिन जोशीको खोजतलास एवं वास्तविक अवस्था बारे जानकारी र सकुशल फिर्ता गराउने विषयमा थप पहल हुन विशेष अनुरोध समेत भएको छ ।

सहायक प्रवक्ता
०८१/०४/०७

मिति २०८१।०४।०७